बैठक मिति: २०७६/१२/२०
बैठक संख्या: २१

## छलफल तथा निर्णयहरु

१. आगामी आ.व. २०७७/७८ को मन्त्रालयगत बजेट तथा कार्यक्रम एवम् त्रिवर्षीय मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी छलफलका लागि आयोगबाट मिति २०७६/११/३० मा कार्यतालिका स्वीकृत भई छलफल कार्यक्रम शुरु भएलगत्तै कोभिड-१९ को संभावित संक्रमणलाई रोकथाम तथा निर्मूल गर्न नेपाल सरकारले आदेश जारी गरेअनुसार तत्कालका लागि स्थगित गरिएको छलफल कार्यक्रम संभावित संक्रमणबाट सुरक्षित रहने स्वास्थ्य सुरक्षा र सतर्कताका पर्याप्त उपायहरु अपनाई आगामी सातादेखि आवश्यक पदाधिकारीहरु मात्र सम्मिलित भई सानो-सानो समुहमा छलफल कार्यक्रमलाई निरन्तरता दिई चैत्र मसान्त सम्ममा सम्पन्न गर्ने ।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट सम्माननीय राष्ट्रपतिज्यूबाट संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा सम्बोधन हुने आ.व. २०७७/७८ को वार्षिक नीति तथा कार्यक्रममा समावेश गर्नुपर्ने विषय माग भई आएको सम्बन्धमा बैठकमा प्रस्तुत मस्यौदाउपर प्राप्त राय/सुझाव समावेश गरी परिमार्जित 'आ.व. २०७७/७८ को लागि राष्ट्रिय योजना आयोगबाट प्रस्तावित नीति तथा कार्यक्रम' पठाउने ।

३. चालु आ.व. २०७६/७७ का लागि नेपाल सरकारबाट प्रदेश सरकारको समेत साझेदारी रहने गरी कार्यान्वयनमा लैजान विभिन्न आयोजना/कार्यक्रम स्वीकृत भई बाँडफाँट भएको समपूरक अनुदानतर्फ कर्णाली प्रदेश सरकार अन्तर्गत सञ्चालन हुने आयोजनाहरु मध्येको स्वीकृत आयोजनाको नाम 'बरला मालनेटा शारदा नदी मोटर पुल र हुम्ला कर्णाली र मुगु कर्णाली नदी जोड्ने दोमुख बेलीब्रिज (मोटर पुल) पुल' हुनुपर्नेमा अन्यथा हुन गएको हुँदा माथि उल्लेख भएअनुसार हुन सम्बन्धित निकायलाई जानकारी गराउने ।

४. 'बहुक्षेत्रीय पोषणा योजना– दोस्रो' को कार्यान्वयका लागि **EU** र **UNICEF** को सहयोगमा संचालनमा आइरहेको **Partnership for Improved Nutrition "Poshan Ko Lagi Hatemalo in Nepal"** आयोजना सम्बद्ध **"Financing Agreement Nr. DCI-ASIE/2014/030-799"** को म्याद ३१ डिसेम्वर २०२० सम्म **No cost extension** को रुपमा बढाउन र उक्त **Agreement** अन्तर्गत **Contingencies** शिर्षकमा विनियोजित १ लाख युरो र **Evaluation Audit** शिर्षकमा विनियोजित रकममध्ये १ लाख ५० हजार युरो गरी कूल २ लाख ५० हजार युरो उक्त **Agreement** अनुसारको **Modality** मा निकासाको लागि **EU Delegation Nepal Office** लाई अनुरोध गरिदिन अर्थ मन्त्रालयमा लेखी पठाउने ।